# जन आकाश

Jana Aakash National Weekly

राष्ट्रिय साप्ताहिक

वर्ष-१३ , अंक- १६, २०७७ साल मंसिर २ गते मंगलबार (Nov 17, 2020) www.janaakash.com.np मूल्य रु १०।-



जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित

www.janaakash.com.np

अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।

सम्पर्कः ४१६७५७८ (बागबजार)

मोबाइलः ९८६१५८८४५६

Email: jana.news2065@gmail.com


# कोरोनाको नाममा हल्ला फिजाउन फेरि सल्बलाए बिदेशी माफियाहरु

- फेरि लकडाउनको हल्ला ।
- हस्पिटलहरुमा विदेशी लगानी ।
- अर्को यातायात माफियाको जन्म ।

काठमाडौं । नेपाली जनजिवन रोगले भन्दा भोकले धेरै प्रभावित भइसकेको छ। बिस्तारै मनिसहरु आफ्नो पेशामा फर्किन थालेका छन् । सामन्य भन्दा सामान्य समस्या पनि अभावका कारण जटिल बनिरहेको छ ।

नेपालीहरुको महान चाड दशै सकिएर तिहार पनि सकिदै छ । नेपाल सम्वद, छठ पनि लगत्तै सकिदै छन् ।

यी पर्वहरु सकिने बित्तिक्कै उठन लागेको नेपाली बजार सुताउन बिदेशी भत्ता खाएर हल्ला गर्ने र उनिहरुले अह्राएको काम गर्नेहरू फेरि लकडाउनको हल्ला फिजाउन चोक चोकमा खटिएका देखिन्छन् । लकडाउनको हल्ला फिजाउनेहरुलाइ चिनिराख्नुहोला !

हल्ला यस्तो छ । तिहारपछी कडा लकडाउन हुन्छ रे ! भन्दै हल्ला गर्दै मनौ कि ती हल्ला फिजाउने हरु नै यो देशका सरकार हुन जसरी मानिसहरूलाई त्रसित बनाउने गरि फेसबुकमा पोस्ट गरिरहेका छन् । कोहि चोकमा बसेर हल्ला गरिरहेका छन् ।

कुनै अन्लाईन भनिएका बिदेशी पैसामा चलाइएका मिडिया समेत लकडाउनको समाचार लेखिरहेका छन् । यो नेपाल देश र नेपाली जनताको चाहाना बिपरित समाचार र हल्ला हो ।

कोरोना भाइरस नेपालीले पचाइ नै सकेका छन् । यो सामान्य रुघाखोकी जो बिगतमा पनि लाग्ने गर्थ्यो र एक बर्षा हुन लागिसकेको अवस्थामा यदि डब्लुएचओले भनेको जस्तो भएको भए सबै नेपाली मरिसक्थे । नेपालको अवस्था त्यो होइन । नेपालमा कालगतिले वा अन्य कारणले सरदर मरिरहेका मनिसहरुलाइ जस्लाइ पनि कोरोना भनेर गलत तथ्यांक प्रचार गरेर मानिसहरूलाई त्रसित पारिरहेका छन् । जुन हल्लाले गर्दा मानिसहरू काम गर्न निस्कन नसकेर घरभित्रै भोकभोकै पर्न थालिसकेका छन् ।

अहिले कस्ले गराउदै छ लकडाउनको हल्ला

बिदेशी सामान बेच्ने नेपालका ट्रेड कम्पनीहरु जसले स्यानिटाइजर, माक्स, युनिग्लोब,फेस सेफगार्ड, भेन्टिलेटर औषधि बेचिरहेका छन । एकथरी इनिहरु लकडाउन लगाउन पैसा बोकेर सरकारी कार्यलय धाइरहेको सूचनाहरु आइरहेका छन् ।

अर्को हस्पिटलहरु जो बिदेशी लगानिमा नेपाली नागरिता बोकेकाहरुले चलाइरहेका छन् । उनिहरुको लागि लकडाउन भएमा कोरोना लागेको बहानामा टोलटोलमा अराजक हुल पठाएर जो देशभक्त नेपाली छ उसलाई कोरोना लागेको मान्छे भनेर आइसियुलेशनमा राख्नुपर्छ भनी दवाव दिने र अस्पतालले भएभरको पैसा उपचारको नाममा लिसक्ने र पैसा सकियो भन्ने थाहा पाएपछी उसको नियोजित हत्या गर्न सजिलो हुने भएकाले बिदेशी लगानीका नेपाली नागरिता बोकेर चलाएका हस्पिटल माफियाहरु लकडाउनको पक्षमा देखिन्छन् ।

अर्को नेपालको आफ्नो उत्पादन भनेको केही नै छैन भन्दा पनि फरक पर्दैन । नेपालीले प्रयोग गर्ने सामानहरु बजारमा प्रतिस्पर्धा हुदा सर्वसुलभ मुल्यमा पाइन्थ्यो । लकडाउनको समय भयो भने त्यही लकडाउनको बहानामा अभाव देखाएर महगी बढाएर जति ठगेपनी भयो । यसमा नेपालका ठुला ट्रेड सप्लायर्सहरु पर्दछन ।

अर्को यातायात माफिया

नेपालमा यातायातको सिन्डिकेट तोडेको घोषण गरिएको बर्शौं बितिसकेको छ । तर जो माफिया छन् तिनिहरुलाइ त्यो सिन्डिकेटले छोएको छैन । लकडाउनले पनि तिनिहरुलाइ छेकेको छैन । छेकेको छ त मात्र गरिखाने साना लगानिका अवरोजगार लगानीकर्ताहरुलाइ त्यो कसरी भने जो माफिया छन् उनिहरुलाई न लकडाउनले छेक्छ न कानुनले उनिहरुकै लकडाउनको बेला बिना प्रतिस्पर्धा जति मन लाग्यो त्यति भाडा लिएर लूटको खेती गरेका थिए विशेषगरी स्थानीय गाउँपालिका प्रमुख,नगरपालिकाका प्रमुख, ससदहरुको लगानी भएका अरुको नाममा बाँकी ८ पृष्ठमा

# तिहारको भाइटिका सक्यो

काठमाडौँ । प्रत्येक वर्ष कात्तिक शुक्ल द्वितीयाका दिन मनाइने नेपालीको दोस्रो ठूलो चाँड तिहारको मुख्य दिन सोमवार दाजुभाइले दिदीबहिनीबाट टीका लगाएका छन् ।

यमपञ्चकसमेत भनिने तिहारको पाँचौं एवं अन्तिम दिन भाइटीका पर्व दिदीबहिनीले आफ्ना दाजुभाइलाई श्रद्धा, आस्था र निष्ठाका साथ दीर्घायु, आरोग्य र ऐश्वर्य प्राप्तिको कामना गर्दै परम्पराअनुसार पञ्चरङ्गी तथा सप्तरङ्गी टीका लगाएर मनाइएको हो ।

दिदीबहिनीले दाजुभाइलाई टीका लगाएपछि दाजुभाइले पनि दिदीबहिनीलाई टीका लगाउने गरिन्छ । दिदीबहिनीलाई पूजा गर्नाले अखण्ड सौभाग्य र ऐश्वर्य प्राप्त हुने शास्त्रीय मान्यता रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका अध्यक्ष प्राडा रामचन्द्र गौतमले राससलाई जानकारी दिनुभयो ।

भाइटीका लगाउन आज दिनभर बाधा नभए पनि साइत खोज्नेका लागि समितिले मध्याह्न ११:३७ बजेको अभिजित् मुहूर्तको समय उत्तम भनी सार्वजनिक गरेको थियो । राज्य सञ्चालकले भने साइतमै टीका लगाउनुपर्ने उहाँले बताउनुभयो ।

लक्ष्मी पूजाका दिन स्थापना गरिएको दियो, कलश र गणेशको पूजा गरी मूल थालीमा लेखिएको अष्टदलमा मार्कण्डेय, अश्वत्थामा, बलि, व्यास, हनुमान, विभिषण, कृपाचार्य र परशुराम गरी अष्ट चिरञ्जीवी, चित्रगुप्त, यमराज, यमुना र धर्मराज, गणपत्यादि वनस्पत्यन्त देवताको समेत पूजा आराधना गरी दिदीबहिनीले दाजुभाइलाई तेलको धाराले छेकेर परम्पराअनुसार सप्तरङ्गी वा पञ्चरङ्गी टीका, मखमली, सयपत्री वा गोदावरीलगायतका फूलका माला लगाइदिएका छन् । तिहारमा सप्तरङ्गी टीका लगाउने भनी प्रचारप्रसार गरिए पनि शास्त्रीय मान्यता भने तिहारमा लगाउने टीकाको रङ्ग रातो, सेतो, पहेँलो, हरियो र नीलो गरी पाँच वटा उल्लेख गरिएको समितिका अध्यक्ष गौतमले जानकारी दिनुभयो । टीका लगाइदिए पछि दिदीबहिनीले दाजुभाइलाई

# महिलाले चलाएका व्यवसाय सफल बन्दै

देउखुरी । कुनै समय पुरुषको एकाधिकार रहेको उद्यम क्षेत्रमा पछिल्लो समय महिलाले राम्रो काम गर्दै आएका छन् । आर्थिक स्तरोन्नतिसँगै समाजका लागि केही गरौं भन्ने लक्ष्यका साथ उद्यममा पकड जमाउन महिला सफल भएका छन् ।

आवश्यक खर्च जुटाउन श्रीमान् र परिवारका अन्य सदस्यसँग निर्भर हुने महिलाले अहिले सफल उद्यमीको परिचय बनाइसकेका छन् । महिलाले सामूहिक र व्यक्तिगत रूपमा व्यवसाय गर्दै आएका छन् । स्थायी घर अर्घाखाँची रहनु भएका दिलु मगर वैदेशिक रोजगारीका लागि चार वर्ष लेबनान जानुभयो । घरेलु कामदारका रूपमा न्यून ज्यालामा काम गर्नुपरेको उहाँले सुनाउनुभयो । नेपालमा नै केही गर्ने सोच बनाएर नेपाल फर्कनुभएका मगरले घोराहीको भरतपुरमा रु १० लाख ५० हजार लगानीमा 'अर्घाखाँची लेडिज कपडा पसल' सञ्चालनमा ल्याउनुभएको छ । "लेबनानमा गएर घरेलु कामदार हुँदा धेरै दुःख पाइयो", मगरले भन्नुभयो, "काम कसरी गर्नुपर्छ भन्ने लेबनानले सिकायो । त्यहाँको ऊर्जालाई नेपालमा प्रयोग गरेँ । कपडा बिक्रीबाट मासिक रु ९० हजार आम्दानी हुने गरेको छ । "

मल्लरानी गाउँपालिका ३ चौरपानीका कमला गिरी र भूमा पौडेलको घोराहीमा २०७६ सालदेखि रु २५ लाख लगानीमा 'नमूना सिलाइ तथा गार्मेन्ट' उद्योग सञ्चालनमा छ । केही गर्नुपर्छ भन्ने सोचका साथ दुई मिलेर सिलाइ तथा गार्मेन्ट उद्योग खोली पाँच जनालाई रोजगारी दिनुभएको छ । उद्योगमा विद्यालय पोशाक, टिसर्ट, टूयाकसुट, शिक्षक र विद्यार्थीको पोशाक सिलाउने गरिएको र थप व्यवस्थापन गरेर उद्योग विस्तार गर्ने सोचाइमा रहेको पौडेलले बताउनुभयो ।


बंगलाचुली ४की सीता पाण्डेले घोराही १५ मा कुटानीपिसानी गर्नका लागि मिल सञ्चालन गरेर स्वरोजगार बन्नुभएको छ । पिठो, चामल, दाल र मसला पिस्नका लागि खोलिएको मिलमा एक महिलालाई रोजगारी पनि मिलेको छ । सदरमुकाम बसाइँ सरेर व्यवसाय शुरु गर्नुभएको एक वर्ष भएको छ । रु २० लाख लागतमा शुरु गरिएको व्यवसायबाट उहाँले आम्दानी लिन शुरु गरिसक्नुभएको छ । "यति नै आम्दानी हुन्छ भन्न सकिन्न", पाण्डेले भन्नुभयो, "कुनै महिना राम्रो आम्दानी हुन्छ त कुनै महिना कम, औसतमा मासिक रु ५० हजार बाँकी ८ पृष्ठमा

# नेपाल संवतको नयाँ वर्ष ११४१ सुरु

काठमाडौं । नेपाल संवतको नयाँ वर्ष ११४१ आजबाट सुरू भएको छ । नेपाल संवतको नयाँ वर्षमा काठमाडौं उपत्यकाका साथै नेवार समुदायको बाहुल्य रहेको स्थानमा विशेषरूपमा मनाउने गरिन्छ । तर यस वर्ष कोरोना संक्रमणको महामारीका कारण अघिल्ला वर्षहरूमा जस्तो उल्लास छैन ।

राष्ट्रिय विभूति शंखधर साख्वाद्वारा प्रवर्द्धन गरिएको नेपाल संवत् चन्द्रमास गणना गरेर तय गरिने नेपालको मौलिक राष्ट्रिय संवत् हो । यस संवतको पहिलो दिन कात्तिक शुक्लपक्ष प्रतिपदादेखि शुरू हुन्छ । त्यसैले कात्तिक कृष्ण औंसीका दिन बही खाता बन्द गरी नयाँ वर्ष अर्थात् कात्तिक शुक्ल प्रतिपदाका दिन नयाँ बही खाताको सुरूवात् गर्ने परम्परासमेत काठमाडौं उपत्यकामा छ । लिच्छविकालीन राजा राघवदेवका समयमा काठमाडौं उपत्यकामा रहेका गरीब जनतालाई ऋणमुक्त गरी शंखधर साख्वाले यस संवतलाई प्रचलनमा ल्याएको मानिन्छ ।

नेपाल संवतले पृथ्वीनारायण शाहको शासनकालसम्म राष्ट्रिय संवतको मान्यता पाएको लुम्बिनी बौद्ध विश्वविद्यालयका पूर्वउपकुलपति डा. त्रिरत्न मानन्धरले जानकारी दिए । लिच्छविकालका राजा राघवदेवको शासनकालबाट शुरू भएको नेपाल संवत् पृथ्वीनारायण शाहको शासनकालसम्म मौलिक संवतका रूपमा चलेको थियो । लिच्छविकाल अघि शक संवत प्रचलनमा थियो । नेपाल देशको नामबाट राखिएकाले नेपाल संवत् मौलिक छ । गरीब जनताको ऋण मोचन गराई सामाजिक सेवाको उत्कृष्ट नमूना प्रस्तुत गरेको र नेपालमा मौलिक संवतसमेत चलाएको कार्यको उच्च मूल्यांकन गर्दै २०५६ सालको नयाँ वर्षका दिन तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले शंखधर साख्वालाई राष्ट्रिय विभूति घोषणा गरेका थिए । विक्रम संवत् २०६५ मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ल बाँकी ८ पृष्ठमा

‘मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।’– *मोहन कार्की*

## सम्पादकीय

# उज्यालो पर्वमा देखिएको अध्याँरो

यो बर्ष नेपालीहरुको महान चाड दशै सामान्य रुपमा सकिए जस्तै तिहार पनि सकिएको छ । गएका बर्षहरुमा जस्तो दिउसी भैलो मानिसहरुको नाचगान एक ठाउँवाट अर्को ठाउँमा दाजुभाईहरु दिदीबहिनीहरुकोमा गएर टिका लगाउनेको पनि कमी भएको देखियो ।

तिहारलाई उज्यालोको पर्व मानिएको भएपनि काठमाडौ उपत्यकामा धेरै जतिले घरलाई नै बेरेर झिपेझिपे बत्तीले उज्यालो बनाएको भएपनि त्यो बत्तीको उज्यालोमा कुनै एकजना मानिस पनि रमायर नाचेको देखिएन । उज्यालाघरहरुमा बत्तिहरु त बलिरहेका थिए । तर मानिसहरु देखिदैन थिए । यो उज्यालोको पर्व भएपनि यो बर्ष मानिसहरुमा परेको कोरोनाको त्रास र कोरोनाको नाममा बिदेशी एजेन्टहरुले नेपाली समाजलाई आताङकित पार्ने गरी फैलाएको हल्लाले उज्यालो पर्व तिहारलाई अध्याँरो जस्तो महसुस गरेर मनाएका छन् । छौं ।

हुनत समय अर्को बर्ष पनि दशै, तिहार आउछ । तर यहि बर्ष जस्तै समय फेरि आउदैन यो पनि सत्य नै हो । मानिसहरुले बिश्वमा फैलिरहेको भाइरससँग डराउनु स्वभाविक हो । नेपालको हावापानीमा यो भाईरसले खासै असर नपार्ने बिभिन्न बिज्ञहरुले अध्ययन गरेर प्रकाश पारिसकेका छन् । यस्तो बेला नेपालमा नेपाली नागरिता बोकेर बिदेशी भत्ता बुझ्ने र बिदेशीकै गुनगान गाउँने एजेन्टहरुको नियोजित तरिकाले नै कोरोनाको अस्वभाविक हल्ला गरेर नेपाली समाजलाई त्रास पैदा गराउदै आएका कारण नेपालीहरु उज्यालो पर्वमा पनि अध्यारो महसुस हुने गरि तिहार मनाउन बाध्य भएको मान्न सकिन्छ ।

नेपाली समाजको चेतनाकास्तर पनि त्यति माथि उठ्न नसकेको यहि कोरोनाको त्रासको हल्ला सवैले पत्याउनले पनि पुष्टि गर्छ । नेपाली समुदाय कुन कुरा सहि हो कुन कुरा गलत हो भन्ने नछुट्याई हिजोका दिनमा होमा हो मिलाउदै बिदेशी योजनामा बनेका क्रान्त्रिका नाममा आफ्नै दाजुभाई मार्न मराउन लगाउने हामी नेपाली नै हौ । त्यसकारण त्यो क्रान्त्रि मानिएको समयमा यो सहि र सत्य छुट्याउन सक्नु पर्ने हो । झनै यो आयतित क्रान्त्रिले त नेपालीहरुलाई हरेक क्षेत्रमा परनिर्भर बनाउदै लगेको पो देखियो । हुदा हुदा नेपालीहरुको महान पर्वलाई समेत असर पुग्ने गरी योजनाबद्ध तरिका अपनाएर नेपाली संस्कृतिमाथि नै प्रहार गरेको भान हुनेगरी काम गरेको देखियो । दशै तिहार नेपालीहरुको महान पर्वलाई नियोजित ढंङगवाट कोरोनाको त्रास फैलाएर सरकारले नेपालीहरुलाई प्रोत्साहन गर्नु पर्ने ठाउँमा निरुत्साहित बनाएको छ । त्यसैले पनि होला आम नेपाली नागरिकहरु उज्यालो पर्वमा पनि अध्याँरो भएको महसुस गरेर तिहार मनाउन बाध्य भएका होलान् ।

कुनै पनि देशको अस्तित्व समाप्त गर्नु छ भने पहिला त्यस देशको कला, सस्कृति, समाप्त गरिदिनु पर्छ भन्ने योजनालाई नेपालका साशक जो कम्युनिष्टका खोल ओडेकाहरुले धर्म मान्नु हुदैन भन्दै नेपालको अस्तित्व मेटाउन बिदेशी भत्तामा रमाउदै नेपालको धर्म सस्कृतिमाथि आक्रमण गर्न थालेका छन् यो नेपालीहरुका लागि निक्कै डरलाग्दो बन्दै गईरहेको छ । नेपाल देशको स्वतन्त्र सर्वभौम सत्ता सम्पन्न राष्ट्रलाई समाप्त पार्न भईरहेका षय्न्त्रलाई परास्त गर्न यस्ता नेपाली संस्कृति बिरोधिहरुलाई समयमा नै चिनेर उज्यालो पर्वलाई उज्यालो नै तरिकाले मनाउने हाम्रो परम्परा अनुसारको निरन्तरता नै नेपालीहरुको खुशी हो । उज्यालो पर्वलाई अध्याँरो हुन नदिउ ।

# नेपालीपनको समाजवाद

**रमेश भट्टराई ‘सहृदयी’**

सबै मिलेर परिश्रम गर्ने तथा उपभोग्य वस्तुमा साझा अधिकार स्थापित हुने मान्यतालाई सरल अर्थमा समाजवाद भनिन्छ । उत्पादनका साधनमा सामूहिक स्वामित्व स्थापना गर्दै ‘सबैलाई क्षमता र योग्यता अनुसारको काम र कामअनुसारको दाम दिनुपर्छ’ भन्ने नीतिमा मार्क्सवादी सिद्धान्तले पुँजीवादको अन्त्य चाहन्छ । अर्थात्, यसमा नेपाली बाम राजनीतिको एउटा प्रमुख नारा ‘जनताको बहुदलीय जनवाद’ को अर्थ गाँसिन पुग्छ । ‘जनवाद’ शब्दको अर्थ सामन्ती शासनको अन्त्य भएपछि स्थापित हुने जनतान्त्रिक राजनीतिक विचारमा आधारित दर्शन भन्ने हुन्छ ।

जनवादले श्रमजीवी वर्गको हितमा समानतावाद

(आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक आदि कुनै पनि क्षेत्रमा भेदभाव नभई समानता हुनुपर्ने मान्यता) को धारलाई प्रश्रय दिन्छ । यो एउटा राजनीतिक–सामाजिक सिद्धान्त हो । यसको अर्थ पुँजीवाद, सामन्तवाद लगायतको एकाधिकारको अन्त्य गर्नु हो अनि भूमि सुधारका आधारमा जनताको स्तरोन्नति पनि गर्नु हो । तर, व्यक्तिलाई समूहमा स्थापित तुल्याएर राज्यको दायित्व नै साझा अर्थमा हुनुपर्छ भन्ने समाजवादी सिद्धान्तलाई हामी कति स्वीकार गर्न सक्छौं !

अब पुँजीवाद भनेको के हो त भन्ने प्रश्न उब्जिन्छ । नेपालको सन्दर्भमा पुँजीवादको अर्थ राजा र राणालाई विलासी, एकतन्त्री भनेर गाली गर्ने सिद्धान्तजस्तो मात्रै देखिन्छ । श्रम गरेर सम्पत्ति जोडेकालाई पनि पुँजीवादी भन्ने शैलीतिर हामी मोडिँदा हामीले हाम्रै परिवेश अनुकूल व्याख्या गर्नु आवश्यक छ । माथिल्लो जातले तल्लो जातलाई हेपिरहेको कुरा गरिरहँदा माथिल्लो जातका विपन्नका दशालाई छोड्नु पनि सन्तुलित व्याख्या हुँदैन किनकि जातकै आधारमा शोषक र शोषितको व्याख्या गर्ने हो भने धेरै क्षेत्री(बाहुनले पनि बनिबुतो गरेर दुःखले परिवार पाल्नु परिरहेको यथार्थ छ नै । नेपालमा यो भन्दा अलिक मास्तिर उक्लेर आजको तहमा रहेर व्याख्या गरिनु अपरिहार्य छ । यो विषय समाज–राजनीतिमा अलिक बढी ढल्कँदा धर्म राजनीति र अर्थ राजनीतिसँग मिसिएर देखा पर्छ । किनकि, हरेक इतिहासलाई सोही समयको परिवेश, परिस्थिति र बाध्यतामा आधारित भएर व्याख्या गरिनुपर्छ ।

विगतलाई दोषै मात्र देखाएर गाली गर्ने अनि आज पटक्कै सुध्रिन नसक्ने पद्धतिमा हामी सर्वहारा वर्गका सिद्धान्तलाई बोकेर नबुझ्नेका अघि ठूला कुरा गरिरहेका छौं । त्यागको अर्थ जेल, नेल र हिंसाको राजनीति मात्रै हो त क्ष हुँदाहुँदा नेपाली प्रगतिवादी चिन्तक पनि समालोचनाभन्दा बढी समर्थनको एक किस्सामा लहसिनु पनि कतै पूर्वाग्रही र अल्पव्याख्या पद्धति पनि पटक्कै होइन !

समाजवाद र हामी

उत्पादनका लागि पुँजीको लगानीलाई प्रोत्साहन गर्ने तथा स्वतन्त्र बजार र प्रतिस्पर्धात्मक आर्थिक प्रणालीलाई पुँजीवादी मान्यताले प्रश्रय दिन्छ । दार्शनिक मार्क्सको विचारलाई हेर्ने हो भने आर्थिक कारोबार र उत्पादनका प्रमुख साधन तथा उत्पादित वस्तुमा पुँजीपतिको व्यक्तिगत स्वामित्व हुन्छ । यो मान्यताले श्रमभन्दा पनि पुँजीलाई सर्वाधिक महत्व दिन्छ । नेपाली समाज त्यो भन्दा फरक आदर्श समाजमा बाँचिरहेको सकारात्मक पक्षलाई भुल्न मिल्दैन । तथापि, नकारात्मक धारमा आपसी विभेदलाई प्रश्रय दिएर हुर्किएका वर्गीय असमानताको जडलाई उखेल्न त हिंसाभन्दा पनि प्रेमको ओखती दर्बिलो हुने देखिन्छ ।

विभेद वा असमान वितरणका कमजोरीका बीचमा पनि मानवतावाद (मानिसले मानिसप्रति गर्ने समताभाव, दया–करूणा तथा कल्याणकारी कार्य) को एक ठूलो हिस्सा राम्रोसँग हुर्केको थियो, जुन कुरालाई मार्क्सवादी व्याख्याभित्र मात्रै समेट्न सकिँदैन । विभेद, छुवाछुत, सती प्रथा, दास प्रथालगायतका कुसंस्कारको अन्त्यसँगै यदि नेपालमा शिक्षा र चेतनास्तरलाई बढावा दिने हो भने त्यहाँ नेपालीपनको विकास सम्भव हुन्छ । विकृतिले भिन्न तरिकाले प्रभुत्व जमाएर पुस्तान्तरण हुँदा नेपाली समाजको आदर्श भावसमेत विकृतिकै कित्तामा पर्न गयो । अतः निकै मै हुँ भन्नेले नेपाली समाजलाई व्याख्या गर्दै जाँदा उदारवाद (पुँजीवादी राजनीति र आफन्तप्रति अनुरागी), नस्लवाद (मानिसलाई फरकफरक नस्ल (समूह) मानेर हेरिने अर्थात्, नश्लमा उँच र नीचको घेरो बनाएर नीच भनिएकालाई सताइने एक नाजीवादी भन्ने सिद्धान्त), फासीवाद (व्यक्तिगत सम्पत्तिको प्रभुत्ववाद वा सर्वसत्तावाद) आदिको पश्चिमी सोचकै तहमा मात्र रहेर हेर्ने गरेको देखिन्छ । नेपाली समाजको मिहिन अर्थ–संस्कृति र बन्धुत्वमैत्री सामाजिकीकरणलाई भुल्न मिल्दैन । परिणामतः नेपाली समाजवादभित्रको ‘आदर्श मानवतावादी समतावाद’ लाई बिर्सेर गरिएको पश्चिमी पद्धतिको व्याख्यामा आज हामीले आफनोपनको अस्तित्वलाई कुल्चिरहेका त होइनौं ?

बहुजाति, बहुभाषी र बहुसांस्कृतिक समाजभित्रको एकतालाई बिर्सेर झुन्ड–झुन्डको राज्य प्रदान गर्ने नीतिचाहिँ भोटका लागि फालिएको कूटनीतिक अस्त्र मात्रै हो ।

पुँजीवादको अन्त्य समाजवाद हो भने समाजवादको पूर्ण विकसित अवस्थालाई साम्यवाद भनिन्छ । मार्क्सवादी सिद्धान्तमा पूर्ण मानवीय समानतायुक्त वर्गविहीन, शोषणविहीन र राज्यविहीन स्थितिको परिकल्पनालाई साम्यवादले समाजलाई चलाउन चाहन्छ । साम्यवादी मान्यतामा लोकतन्त्र, प्रजातन्त्र, पार्टी, नेताविहीन मान्यताले व्यक्तिवादको अन्त्य हुँदा वर्ग संघर्षको समेत अन्त्य हुन्छ भन्ने मान्यता छ । हाम्रो समाज र मुलुकले यो धारलाई कसरी ग्रहण गर्ला ? हाम्रा प्राज्ञिक अनुसन्धेय, व्यावहारिक नैतिक, मानवतावादी, सुरम्य शान्तिमय पद्धतिलाई समेत बिर्सिन खोजेर गल्ती गर्दै त छैनौं क्ष के आजका सभ्य र शिक्षितका व्याख्याभित्र नेपालीपन पनि समावेश भएको छ त ? यो एउटा अहं सवाल हो

‘हामीभित्रको हाम्रो’ कि ‘राम्रोभित्रको राम्रो’

मार्क्सवादी मान्यतालाई प्रश्रय दिएर नेपालमा कम्युनिस्ट शासन ( कम्युनिज्मका अनुयायी) को जग बसाल्ने काम वि.सं. २००६ मा पुष्पलालद्वारा भयो । पार्टी उदाएको ६८ वर्षपछि बल्ल नेकपाले स्पष्ट बहुमत प्राप्त गर्ने सौभाग्य पाएको हो । अहिले भइरहेको विवादास्पद अवस्थालाई हेर्ने हो भने यो गरिमा जोगाउने आस्थाको धरोहरमा नराम्ररी खिया लागेको छ । यसमा सत्ताको बागडोर सम्हाल्नेको दोष हुनेछ किनकि अहिले पनि स्वार्थका लागि शक्ति र सत्ताको सिँगौरीमा होमिएको प्रस्ट छ । मौकामा चौका मार्न लम्कने उमेदवारको लामै लर्को देखिन्छ । अहिलेको सरकारले प्रदर्शन गरिरहेको व्यवहार अनि अर्कोतिरको जनआक्रोस र वितृष्णाको बाढी दुवै कुरालाई सल्टाउन सत्ताधारी नै जिम्मेवार हुनुपर्छ ।

मार्क्सको युरोपमुखी घोषणापत्रभित्र नेपालको माटो नमिल्नु अचम्म हुँदै होइन । वर्ग संघर्षद्वारा समानताका लागि रक्तपातलाई समेत स्वीकार गर्नुपर्छ भन्ने मार्क्सको विचार नेपाली भूमिका लागि कदापि स्वीकार्य होइन । हामी त क्रान्तिले भन्दा शान्तिले समानता र साम्यवादभन्दा मास्तिरको मानवतावादमा रम्न चाहने माटोमा हुर्केका छौं । सबाल्टर्नको अवधारणासम्मका लागि पनि हाम्रो समाजले शान्तिपूर्ण चैतन्यलाई अघि सारेर चाहेको परिवर्तन गराउन सक्छ । यस अवधारणाले मात्रै आवाजविहीनका आवाज बोल्न सक्छ, सदियौंदेखि पिछडिएकाहरूको दशालाई बोलिदिने बाटो खुला हुन सक्छ । आर्थिक, सामाजिक, भाषिक, राजनीतिक तहमा समेट्ने भन्दै गर्दा फेरि छोडिरहिएका भुइँमान्छेको आवाजलाई बुलन्द गर्न सक्छ ।

हाम्रा लागि त बुद्धको सिद्धान्तविपरीत रक्तपातपूर्ण क्रान्ति अफापसिद्ध हुनेछ र त्यो दिगो हुनेछैन । हो, जनताको मनमा शोषक र शोषितको व्याख्या गर्ने र सोच्ने बुद्धि माओवादी द्वन्द्वदेखि अलिक बढी नै अगाडि आयो । यो हत्या, हिंसा, विनाशले निम्त्याएको त्रास, वेदना, संवेदनहीनताको जर्जर अवस्थाभित्र पनि विकसित भएको एउटा सकारात्मक पाटो हो । यो एक हदमा चेतना स्तर वृद्धि गराउने झिनो इतिहासचाहिँ हो तर चेतनास्तर बढाउने मूल धार भनेको सूचना र सञ्चारलाई प्रविधिले बढावा दिने परिवेश नै बढी हो । अर्को तहसम्ममा पुगेपछि बहुजाति, बहुभाषी र बहुसांस्कृतिक समाजभित्रको एकतालाई बिर्सेर झुन्ड–झुन्डको राज्य प्रदान गर्ने नीतिचाहिँ भोटका लागि फालिएको कूटनीतिक अस्त्र मात्रै हो । यो सोचले नेपाली समाज अनुरूपको समाजवादी मान्यताभित्र विकसित हुनुपर्ने अपनत्वको स्तरलाई स्वार्थको झुन्डमा लगेर धकेलिदियो । तब ‘मानवतावादी समतावाद’ भन्दा तल झरेर एक किसिमको आन्तरिक कलह र दलदलभित्र ‘साम्प्रदायिक खेमा’ को जालो बुनियो । एक हदमा यो कूटनीति तत्कालीन माओवादीका महारथीलाई नै भारी हुन पुगेको देखिन्छ । यही जालोमा लगेर अल्झाइएका विचारमाथि विश्लेषण हुँदा संघीयताको अवधारणामा नै शंका उब्जन थालेको हो तर संघीयता राम्रो हुँदै गर्दा व्यवहार गलत भएको हो ।

नेपालका लागि समतावाद र समाजवादी मानवतावादको सिद्धान्तको प्रयोग मात्रै बढी सान्दर्भिक हुने देखिन्छ ।

अलिकति नेपाली राजनीतिको कोणबाट हेर्ने हो भने क्रान्तिको व्याख्यालाई व्यावहारिक रूप दिनुपर्ने व्यक्तित्वमा नै आन्तरिक खिचातानी प्रस्ट देखियो । आज त्यो सबल पार्टी नै धुजाधुजा भएर तितरवितर भएको छ । यो पदीय बाँडफाँटमा सत्ताको महत्तालाई बिर्सेको कारूणिक इतिहास हो । हालको राजनीतिक माहोलमा वाम संयोजनको विषय प्रस्ट छ । यसमा क्षमता र भविष्य हेरिएन बरू ६०–४० को भागबन्डा मिलनविन्दु बन्न पुग्यो । तन मिलेको देखिए पनि मन नमिलिइरहेकाले बाम राजनीतिको ध्रुवीकरण उही पूर्वमाओवादी र पूर्वएमालेकै कोणबाट, टाउके नेताको खातिरदारी गर्नेकै धारमा गएर ठोक्किएको छ । यसले न माओत्सेतुङको विचारलाई बुझ्छ न त एंगेल्सको मान्यतालाई नै । सिद्धान्त र व्यवहारमा देखिने फासलाले पारदर्शिता र गुणस्तरलाई क्षीण तुल्याइदिएको छ । अहिले न त मार्क्सको समाजवाद प्रस्ट छ न त जननेता मदन भण्डारीको जबजको सिद्धान्त नै । फलतः क्षमतावान्लाई पाखा लगाइयो र ‘हाम्रोभित्रको हाम्रो’ खोज्दा ‘राम्रोभित्रको राम्रो’ लाई गलहत्याएर पाखा लगाएको कुरा छर्लंग देखिन्छ ।

आखिर रक्तपातमुखी हतियारको क्रान्तिले देशको ठूलो जनधनको क्षति गराएपछि परिणाममा बाध्यकारी सहमति गराउने रहेछ । माओले त आफनो देश सुहाउँदो क्रान्ति गरे । कार्ल मार्क्सले युरोपेलीहरूको जागरणको एउटा क्रमलाई बोल्दै गर्दा अर्थात् फ्रान्सेली राज्य क्रान्तिको प्रभावले कमाउ धन्दामा लहसिएका मानिसका लागि भनेर आफनो विचार राखे । तथापि, क्रान्तिको निष्कर्ष पनि केवल शान्ति बाहेक अरु केही हुँदै होइन । क्रान्तिको बाटोबाट कदापि नेपालीपनको समाजवादमा झाँगिन सक्ने अमूल्य मानवतावाद सम्भव हुँदैन । ‘मानवतावाद’ नेपालीको आफनोपना हो जुन साम्यवादभन्दा निकै बलियो हुन्छ । अतः नेपालका लागि समतावाद र समाजवादी मानवतावादको सिद्धान्त मात्रै बढी प्रयोग सान्दर्भिक हुने देखिन्छ । राजधानी दैनिक

# बुढेसकालमा न नागरिकता न ज्येष्ठ नागरिक भत्ता

रामपुर । रामपुर नगरपालिका–८ पिपलचौरकी ७६ वर्षीय तुलसालाई यतिखेर गाँस र बाँसको समस्या छ । साहाराबिहिन उहाँ अहिले छिमेकीको घरमा साहारा लिनुभएको छ । गाँस र बाँसबाट पिडित उहाँलाई नेपाली नागरिकता नहुँदा सामाजिक सुरक्षा भत्ता पाउनबाट वन्चित हुनु परेको छ । तीन सन्तानमध्ये दुई छोरा र एक छोरी रहेपनि अहिले उहाँ सहाराबिहीन हुनुहुन्छ । दुई छोरा लामो समयसम्म बेपत्ता भएपछि जेठो छोरा करिब २२ वर्ष पछाडि मात्रै घर फर्केका छन् । छोरीको बिहेदान भइसकेको छ । उहाँलाई बुढेसकालमा रेखदेख गर्ने सन्तान भने कोही छैनन् । जेठो श्रीमान् कुलप्रसाद पाण्डेयसँग १६ वर्षको उमेरमा विवाह गर्नुभएकी तुलसा श्रीमान्को मृत्यु भएपछि सहाराका लागि गाउँकै रमाकान्त पङ्गेनीसँग दोस्रो विवाह गर्नुभएको थियो । पङ्गेनीको पनि विवाह भएको केही वर्षपछि मृत्यु भएपछि अहिले उहाँ एक्लो जीवन बिताइरहनुभएको छ ।

पहिलो श्रीमान् कुलप्रसाद पाण्डेयबाट बनाइएको नेपाली नागरिकता हराएकी तुलसाले दोस्रो श्रीमान्को परिवारबाट नागरिकताका लागि सनाखत नगरिदिंदा पाउने सेवा सुविधाबाट वन्चित हुनु परेको छ । “पहिलो श्रीमान्ले बनाएको नागरिकता हरायो, दोस्रो श्रीमान्का दाजुभाई पक्षलाई नागरिकता बनाइदिनका लागि सनाखत गरिदिन अनुरोध गरेपनि वास्तै गरेनन्,” उहाँले दुखेसो पोख्नुभयो, “कमसेकम नागरिकता भए सरकारले दिएको भत्ता खाएर त बाँच्थे”। दोस्रो श्रीमान्को मृत्युपश्चात उहाँ पुनः पहिलो श्रीमानकै घर संरक्षण गरेर बस्नुभएको थियो । लामो समयसम्म बेपत्ता जेठो छोरा घर फर्केर आएपछि उहाँलाई आफैँले जन्माएको छोराले घर निकाला गरिदिएपछि छिमेकीको घरमा कोठा भाडामा बस्नुहुन्छ । छिमेकीले दोस्रो श्रीमान् पक्षधरबाट नागरिकता बनाउन सहमति नभएपछि पहिलो श्रीमानबाट जन्मिएका छोरालाई आमाको नागरिकता बनाउन अनुरोध गरेपनि नमानेपछि बुढेसकालमा न नागरिकता न ज्येष्ठ नागरिक भत्ता भएको बाँकी ८ पृष्ठमा

## हार्दिक शुभकामना

**नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

**श्रवणकुमार घर्ती क्षेत्री**
अध्यक्ष

**लक्ष्मी पौडेल**
उपाध्यक्ष

# सुनकोशी गाउँपालिका

सिन्धुपाल्चोक

## हार्दिक शुभकामना

**नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

**मान बहादुर लामा**
अध्यक्ष

**सीता लामा**
उपाध्यक्ष

# ककनी गाउँपालिका

नुवाकोट

## हार्दिक शुभकामना

**नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

**निमा ग्याजेन शेर्पा**
अध्यक्ष

**कोपिला पण्डित**
उपाध्यक्ष

# हेलम्बु गाउँपालिका

सिन्धुपाल्चोक

## हार्दिक शुभकामना

**नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

**छत्र बहादुर लामा**
अध्यक्ष

**मायादेवी न्यौपान**
उपाध्यक्ष

# किस्पाङ गाउँपालिका

नुवाकोट

## हार्दिक शुभकामना

**नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

**योबिन्द्र सिंह तामाङ**
अध्यक्ष

**अञ्जु आचार्य**
उपाध्यक्ष

# दुप्चेश्वर गाउँपालिका

नुवाकोट

## हार्दिक शुभकामना

**नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

**नारायण प्रसाद पा**
अध्यक्ष

**ईश्वरी खत्री**
उपाध्यक्ष

# तादी गाउँपालिका

नुवाकोट

## हार्दिक शुभकामना

**नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

**योबिन्द्र सिंह तामाङ**
अध्यक्ष

**अञ्जु आचार्य**
उपाध्यक्ष

# दुप्चेश्वर गाउँपालिका

नुवाकोट

## हार्दिक शुभकामना

**नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!**

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं ।
- गाउँपालिकाद्धारा तोकिएको सडक तथा भवन सम्बन्धी मापदण्ड लागू गरौं ।
- आफ्नो नजिकको सार्वजनिक जग्गा संरक्षण गरौं र संरक्षण गर्न गाउँपालिकालाई सहयोग गरौं ।
- आफ्नो पसल, व्यवसाय, घर नियमानुसार गाउँपालिकामा दर्ता तथा अभिलेख गरौं ।
- व्यक्तिगत सरसफाईका विधिहरुको पालना गरौं तथा गाउँपालिकाको सरसफाई कार्यमा सहयोग गरौं ।
- सुशासनमैत्री, बालमैत्री, वातावरणमैत्री गाउँ निर्माणमा सहयोग गरौं ।

**रमेश बहादुर वस्ती**
अध्यक्ष

**तारादेवी रिमाल**
उपाध्यक्ष

# तारकेश्वर गाउँपालिका

नुवाकोट

## नेपाल बैंक र मुसिकोट नगरपालिकाबीच सम्झौता

नेपाल बैंक लिमिटेड र गुल्मीको मुसिकोट नगरपालिकाबीच सम्झौता भएको छ। उद्यमीलाई सहुलियत कर्जा उपलब्ध गराउने विषयमा सम्झौता भएको नगरपालिकाले जनाएको छ। मुसिकोट नगरपालिका र नेपाल बैंक लिमिटेडबीच सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने विषयमा सम्झौता भएको नगरपालिकाका मेयर सोमनाथ सापकोटाले बताए। सम्झौता अनुसार नगरपालिकाले ब्याज सहुलियतका लागि केहि रकम बैंकमा धरौंटीको रुपमा राख्ने छ। नेपाल बैंक लिमिटेडका लुम्बिनी प्रदेशका प्रमुख पासाङ दोर्जे शेर्पाले भने, "बैंकले नगरपालिकाको सिफारिसमा उद्यम गर्न चाहनेहरुलाई सहुलियत ब्याजदर वा नि:शुल्क ब्याजदरमा कर्जा प्रवाह गर्ने छ।" उद्यम गर्न चाहनेहरुका लागि नेपाल सरकारका विभिन्न कार्यक्रम तथा नगरपालिकाको समेत सहयोगमा सहुलियत दरमा ऋण प्रवाह गर्न लागेको हो। नगरपालिकाले चालु आर्थिक वर्षमा २० करोड ऋण रकम प्रवाह गर्ने योजना रहेको र प्रत्येक वडाबाट छनौटमा पर्ने इच्छुक व्यक्तिहरुलाई बैंक मार्फत ऋण प्रवाह गरिने नगरपालिका प्रमुख सोमनाथ सापकोटाले बताए। बैंकले उद्यम गर्न चाहेको प्रकृति अनुसार प्रतिव्यक्ति १५ लाख बढीसम्म सहुलियतपूर्ण कर्जा प्रवाह गर्न सक्ने र उद्यमीका लागि दिइने कर्जामा कुनै पनि सेवा शुल्क नलाग्ने बैंक वामीटक्सार शाखाका प्रमुख राजु अर्यालले बताए।

नेपाल बैंक लिमिटेड
(स्थापित वि.सं. १९९४)
नेपालको पहिलो बैंक

## एनआईसी एशिया बैंकको मोबाइल बैंकिङबाट दक्षिणा सेवा

काठमाडौं। एनआईसी एशिया बैंकले डिजिटल रकम स्थानान्तरणलाई प्रोत्साहन गर्न भाईटिका २०७७ को उपलक्ष्यमा डिजिटल दक्षिणा योजना ल्याएको छ। बैंकले भाईटिकामा ग्राहकले आफ्ना दिदीबहिनीलाई दिने दक्षिणा यस बैंकको मोबाइल बैंकिङमार्फत् प्रदान गरेमा दक्षिणा रकममा थप १०० बैंकले आफ्नो तर्फबाट प्रदान गर्ने जनाएको छ। बैंकमा आबद्ध ग्राहकलाई भाईटिकाको दिनको लागि यो योजना लागू गरिएको छ भने योजनामा सहभागी हुन न्यूनतम ५०० रुपैयाँ स्थानान्तरण गर्नुपर्नेछ। यस योजना अवधीभर बैंकको तर्फबाट एक जनाले अधिकतम ३०० रुपैयाँसम्म दक्षिणा प्राप्त गर्न सक्नेछन। उक्त रकम बैंकले योजना सम्पन्न भएको ७ दिनभित्र दक्षिणा प्राप्त गर्ने ग्राहक महानुभावको बैंक खातामा जम्मा गर्नेछ। यस योजनाअन्तर्गत मोबबैंक एप प्रयोग गरी दक्षिणा दिँदा बैंकका ग्राहकहरूले मोबबैंक एपमा रहेको डिजिटल दक्षिणामा ट्याप गरी आफुले दिन चाहेको रकम, एकाउन्ट नम्बर, खातावालाको नाम तथा रिमार्कमा भाइटीकाजस्ता विवरण अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने हुन्छ। भाईटिकाको दिन दिदीबहिनीहरूको हातबाट टिका ग्रहण गरेपछि दाजुभाईले सगुनस्वरूप दक्षिणा दिने प्रचलन रहिआएकोमा डिजिटल माध्यमको प्रयोग गरी दक्षिणा स्थानान्तरण गर्दा डिजिटल बैंकिङ्ग प्रवद्धनमा समेत सघाउ पुग्ने विश्वास लिएको छ।

## नबिल बैंकको नाफा ७.८२ ५ ले घट्यो

काठमाडौं। नबिल बैंकले चालु आर्थिक वर्षको पहिलो त्रैमासको वित्तीय विवरण सार्वजनिक गरेको छ। यो अवधिमा बैंकले १ अर्ब ३ करोड ५७ लाख १२ हजार रुपैयाँ नाफा कमाएको छ। जुन गत आवको पहिलो त्रैमासमा ७.८२ प्रतिशतले घटेको छ। गत आवको सोही अवधिमा बैंकको नफा १ अर्ब १२ करोड ३५ लाख ८७ हजार रुपैयाँ रहेको थियो।

बैंकको वितरणयोग्य नाफा १ अर्ब २० करोड ८८ लाख ७ हजार रुपैयाँ रहेको छ। यो अवधिमा बैंकको खुद ब्याज आम्दानी र सञ्चलान मुनाफामा आएको गिरावटले बैंकको नाफा खुम्चिएको छ।

गत आवको पहिलो त्रैमासमा १ अर्ब ९१ करोड ८६ लाख रुपैयाँ रहेकोमा चालु आवको सोही अवधिमा १ अर्ब ५७ करोड ४० लाख १५ हजार रुपैयाँमा सिमित बनेको छ। यस्तै सञ्चालन मुनाफा पनि १ अर्ब ६० करोड ६२ लाख ७२ हजार



रुपैयाँबाट घटेर १ अर्ब ४८ करोड ३० लाख ६९ हजार रुपैयाँ रहेको छ। १० अर्ब ९७ करोड ७४ लाख ९७ हजार रुपैयाँ चुक्ता पुँजी रहेको बैंकको जगेडा कोषमा १२ अर्ब ६१ करोड ९६ लाख ६४ हजार रुपैयाँ रहेको छ।

१ खर्ब ९६ अर्ब १५ करोड १८ लाख ७१ हजार रुपैयाँ निक्षेप संकलन गरेको बैंकले १ खर्ब ५७ अर्ब १९ करोड ६० लाख २४ हजार रुपैयाँ कर्जा लगानी गरेको छ।

## सिभिल बैंकको नाफा घट्यो

काठमाडौं। सिभिल बैंकले चालु आर्थिक वर्षको पहिलो त्रैमासको वित्तीय विवरण सार्वजनिक गरेको छ।

सिभिल बैंक लिमिटेड
CIVIL BANK LTD.
Class "A" Institution Licensed by Nepal Rastra Bank

यो अवधिमा बैंकले ९ करोड ६६ लाख ७८ हजार रुपैयाँ नाफा कमाएको छ। जुन गत आवको पहिलो त्रैमासमा ३९.१७ प्रतिशतले कमी हो। गत आवको सोही अवधिमा बैंकको नफा १५ करोड ८९ लाख ५० हजार रुपैयाँ रहेको थियो। बैंकको वितरणयोग्य नाफा १२ करोड ९९ लाख ७ हजार रुपैयाँ ऋणात्मक रहेको छ। यो अवधिमा बैंकको खुद ब्याज आम्दानी र सञ्चलान मुनाफामा आएको गिरावटले नाफा खुम्चिएको छ। गत आवको पहिलो त्रैमासमा ६० करोड २९ लाख ३८ हजार रुपैयाँ रहेकोमा चालु आवको सोही अवधिमा ४९ करोड ७६ लाख ७५ हजार रुपैयाँमा सिमित बनेको छ। यस्तै सञ्चालन मुनाफा पनि २२ करोड ५९ लाख ५४ हजार रुपैयाँबाट घटेर १३ करोड ८२ लाख ३१ हजार रुपैयाँ रहेको छ। ८ अर्ब ३३ लाख ९० हजार रुपैयाँ चुक्ता पुँजी रहेको बैंकको जगेडा कोषमा १ अर्ब ६६ करोड १४ लाख ४९ हजार रुपैयाँ रहेको छ। ६९ अर्ब ४० करोड १८ लाख ७० हजार रुपैयाँ निक्षेप संकलन गरेको बैंकले ५६ अर्ब ९२ करोड ७८ लाख १५ हजार रुपैयाँ कर्जा लगानी गरेको छ। बैंकको खराब कर्जा २.९३ प्रतिशत खराब कर्जा रहेको बैंकको अहिले घटेर १.५० प्रतिशत रहेको छ। ४ रुपैयाँ ८३ पैसा प्रतिसेयर आम्दानी रहेको बैंकको प्रतिसेयर नेटवर्थ १२९ रुपैयाँ ४१ पैसा रहेको छ।

# आर्थिक

## इसेवा मनिट्रान्सफर र केएम्ई रेमिटेन्सबीच सम्झौता

काठमाडौं। इसेवा मनिट्रान्सफर र हङकङको रेमिट्यान्स् कम्पनी केएम्ई रेमिटेन्सबीच रेमिट्यान्स् सेवा सुरु भएको छ।

सेवा सुरु भएपछि हङकङमा रहेका नेपालीहरुले केएम्ई रेमिट्यान्सबाट नगदमा तथा कुनै पनि बैंक खातामा र इसेवा वालेटमा रकम पठाउन सकिनेछ। नगदमा पठाइएको रकम नेपालभर रहेका ८ हजार भन्दा बढी

e-Sewa MONEY TRANSFER

इसेवा मनिट्रान्सफरका एजेन्ट तथा इसेवा वालेट एप मार्फत पनि प्राप्त सकिनेछ। त्यसै गरी बैंक खातामा पठाएइको रकम तत्कालै सेवाग्राहीको बैंक खातामा जम्मा हुनेछ। केएम्ई मनिट्रान्सफरले छिटै नै इसेवामनि ट्रान्सफरको सेवा आफ्नो अनलाइन मोबाइल एप मार्फत पनि सुरु गर्ने छ।

रेमिट्यान्स् भुक्तानी सम्बन्धी सम्झौता पत्रमा इसेवा मनि ट्रान्सफरका बाट प्रबन्ध निर्देशक अजेश कोइराला र केएमई रेमिटेन्सको तर्फबाट प्रमुख कार्यकारी अधिकृत गोकर्ण प्रसाद ढकालले हस्ताक्षर गरेका छन्।

इसेवामनि ट्रान्सफरले डिजिटल रेमिट्यान्सका साथै एजेन्ट बेस रेमिट्यान्स सेवा मार्फत नेपालमा रकम भित्राउँदै आएको छ।

इसेवा मनि ट्रान्सफरलाई विप्रेषणको विश्वबजारमा छुटै नाम, सेवा र प्रविधिको पूर्ण कम्पनीको रुपमा स्थापना गर्नु आफुहरुको उदेश्य रहेको इसेवा मनि ट्रान्सफरका प्रबन्ध निर्देशक अजेश कोइरालाले बताए।

## माछापुच्छे बैंकको नाफा ३७ करोड

काठमाडौं। माछापुच्छे बैंकको नाफा ४ प्रतिशतले घटेको छ। गत आर्थिक वर्षको पहिलो त्रैमासको तुलनामा बैंकको खुद नाफा चालु आवको सोही अवधिमा १ करोड ५० लाख रुपैयाँले घटेको हो। बैंकद्वारा सार्वजनिक चालु आवको पहिलो त्रैमासको सिवत्तीय विवरणअनुसार असोज मसान्तसम्म बैंकले ३६ करोड ९ लाख रुपैयाँ खुद नाफा कमाएको छ। गत आवको सोही अवधिमा बैंकले ३७ करोड ६० लाख रुपैयाँ खुद नाफा कमाएको थियो। सो अवधिमा बैंकको वितरण योग्य नाफा भने ६ करोड ६६ लाख रुपैयाँ छ। यसैगरी सो अवधिमा बैंकले १ खर्ब ११ अर्ब ८८ करोड रुपैयाँ निक्षेप संकलन गरी ९७ अर्ब ८० करोड रुपैयाँ कर्जा प्रवाह गरेको छ। जसबाट बैंकले ९५ करोड ५३ लाख रुपैयाँ खुद ब्याज आम्दानी गरेको छ। जुन गत आवको

Machhapuchchhre Bank Limited
माछापुच्छ्रे बैंक लिमिटेड

पहिलो त्रैमासको तुलनामा ०.३० प्रतिशत अर्थात् २८ लाख रुपैयाँ बढी हो। गत आवको पहिलो त्रैमासमा बैंकले ९५ करोड २४ लाख रुपैयाँ खुद ब्याज आम्दानी गरेको थियो। असोज मसान्तसम्म बैंकको खराब कर्जा अनुपात ०.३१ प्रतिशतबाट बढेर ०.४२ प्रतिशत पुगेको छ। साथै, हाल बैंकको पूँजीकोष अनुपात १२.६० प्रतिशत, आधारदर ८.३१ प्रतिशत, सिसिडी रेसीयो ७६.९४ प्रतिशत र स्प्रेडदर ४.३३ प्रतिशत छ। सार्वजनिक वित्तीय विवरण अनुसार सो अवधिमा बैंकको प्रतिसेयर बजार मुल्य २ सय २४ रुपैयाँ, प्रतिसेयर नेटवर्थ १ सय ४१ रुपैयाँ र मूल्य आम्दानी अनुपात १३.१२ गुणा छ।

## सेञ्चुरी बैंकको नाफा घट्यो

काठमाडौं। चालु आर्थिक वर्षको पहिलो त्रैमासमा सेञ्चुरी बैंकको नाफा घटेको छ। बैंकको नाफा ४०.६० प्रतिशतले घटेर २२ करोड २ लाख ५९ हजार रुपैयाँ रहेको छ। गत आवको सोही अवधिमा बैंकको नाफा ३७ करोड ८ लाख १५ हजार रुपैयाँ रहेको थियो। यो तीन महिनामा बैंकको वितरणयोग्य नाफा ११ लाख ६१ लाख ६१ हजार रुपैयाँ ऋणात्मक रहेको छ। यो अवधिमा बैंकको खुद ब्याज आम्दानी र सञ्चालन नाफामा पनि भारी गिरावट आएको छ।

हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली र छठ पर्व २०७७ को पावन अवसरमा गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै गाउँपालिकाको तर्फबाट जारी गरिएको सार्वजनिक सूचना !!!

- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाई सराई, सम्बन्ध विच्छेद) भएको ३५ दिनभित्र दर्ता गराएमा कुनै शुल्क लाग्दैन .
- घर निर्माण गर्दा भूकम्प प्रतिरोधी घर निर्माण गरौं।
